# नेपालमा जैविक विविधता तथा जनजीविकाको बहस

हरिप्रसाद ढुङ्गाना, शरद घिमिरे र जगन्नाथ अधिकारी

सन् १९९२ को जुन महिनामा नेपालका तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको नेतृत्वमा प्रतिनिधिमण्डल ब्राजिलको रियो दे जेनेरियोको भ्रमणमा निस्केको थियो। पृथ्वी शिखर सम्मेलनमा भाग लिन गएको उक्त विशाल भ्रमणदलले पाँच करोड रुपियाँ 'कुम्ल्याएर' फजुल खर्च गरेको टिप्पणी नेपाली सञ्चार माध्यममा आएको थियो। संयुक्त राष्ट्रसङ्घको तत्त्वावधानमा आयोजित उक्त सम्मेलनको आयोजक राष्ट्र ब्राजिलका राष्ट्रपति पनि त्यस सम्मेलनप्रति सन्तुष्ट हुन सकेनन्। सम्मेलन सकिने बेला उनले उक्त कार्यक्रम सफल हुन नसकेको टिप्पणी गरेका थिए। र, पनि यस सम्मेलनबाट विश्व समुदायलाई पाँच प्रतिफल प्राप्त भए[१], जसमध्ये जैविक विविधता महासन्धि एउटा प्रमुख थियो। यो महासन्धि आउनु केही वर्षअघिदेखि नै जैविक विविधताबारे प्राज्ञिक स्तरमा

[१] यस पृथ्वी शिखर सम्मेलनमा वातावरण तथा विकाससम्बन्धी रियो घोषणापत्र, एजेण्डा २१, दिगो वन व्यवस्थापनसम्बन्धी सिद्धान्तहरू, जैविक विविधता महासन्धि र जलवायु परिवर्तनसम्बन्धी महासन्धि पारित भएका थिए।

चर्चा नचलेको होइन । तर यसपछि मात्र जैविक विविधताको विषय विश्वव्यापी बन्यो । अहिले यो विषय धेरैको चासोको रूपमा स्थापित भएको छ ।

आजभोलि जैविक विविधता प्राज्ञिक तथा वातावरणीय चर्चाको विषय मात्र रहेन । यसमा थुप्रै स्वार्थ र जटिलता थपिएका छन् । अहिलेको विश्वव्यापीकरणको लहरले पनि होला, यो विषय विश्वस्तरमै अत्यन्तै पेचिलो र व्यापक बन्दै गइरहेको छ । जैविक विविधता महासन्धिले राखेका तीन उद्देश्य (जैविक विविधताको संरक्षण, जैविक स्रोतहरूको दिगो उपयोग तथा आनुवंशिक स्रोतको उपयोगबाट प्राप्त लाभको समन्यायिक बाँडफाँट) कै सेरोफेरोमा थुप्रै प्रश्न जन्मिएका छन् र विवाद सिर्जना भएका छन् । यस विषयमा सरकारी, निजी तथा गैरसरकारी क्षेत्रबाट थुप्रै कार्यक्रम तथा पहलकदमी पनि भएका छन् । यिनमा विभिन्न किसिमले र भिन्नभिन्न प्रयोजन तथा उद्देश्यका साथ स्थानीय जनता, बहुराष्ट्रिय कम्पनी, गैरसरकारी संस्था, सरकारी निकाय तथा अन्तर्राष्ट्रिय संस्थाहरू सक्रिय रूपले संलग्न पनि छन् । नेपालमा पनि एक दशकयता सरकारी तथा गैरसरकारी संस्थाबाहेक वन वातावरण संरक्षण, ग्रामीण विकास, मानवअधिकार, आदिवासी जनजाति अधिकारलगायतका क्षेत्रमा वकालत गरिहिँड्ने सामाजिक कार्यकर्ताले पनि जैविक विविधताको सन्दर्भ उठाइरहेका छन् र धेरथोर काम पनि गरिरहेका छन् । यतिले मात्र नपुगेर यो विषय नेपालका गाउँपिच्छे छरिएका किसान, महिला, जनजाति समूहदेखि सामुदायिक वन उपभोक्ता समूहसम्म पुगेको छ । उनीहरू पनि जैविक विविधताको संरक्षण गर्नुपर्दछ र यसमा आफ्ना हकाधिकार कायम हुनुपर्दछ भनी तम्सिएर लाग्दै गरेको पाइन्छ । यसप्रकार सन् १९९० को दशकदेखि जैविक विविधता भन्ने शब्दावली नेपालीको जनजिब्रोमा पनि प्रवेश गरेको छ ।

केही वर्षअघिसम्म जैविक विविधता संरक्षणको सन्दर्भ नेपालका केही मन्त्रालय, विभाग र यहाँ कार्यरत् अन्तर्राष्ट्रिय गैरसरकारी संस्था तथा संयुक्त राष्ट्रसङ्घीय निकायका कार्यकक्षमा मात्र सुनिन्थ्यो । यो विषय यिनैका प्रतिवेदनमा सीमित हुन्थे । अन्तर्राष्ट्रिय स्तरमै हेर्ने हो भने पनि जैविक विविधता भन्ने शब्दावली प्रचलनमा आएको झण्डै दुई दशकमात्र भएको छ । तर अहिले संरक्षणका कार्यक्रम तथा योजनामा मात्र नभई विकासे परियोजनामा पनि जैविक विविधता संरक्षण एक महत्त्वपूर्ण पक्ष बन्न पुगेको छ । दुई दशक अगाडिसम्म चुइँसम्म नसुनिएको यो शब्दावली र यसको निहितार्थ अवधारणा पछिल्लो समयमा आएर किन चुलिएको होला भन्नेमा विद्वान वर्ग, विद्यार्थीलगायत सर्वसाधारणमा कौतुहल तथा चासो बढ्दै जानु पनि स्वाभाविकै हो ।

बढ्दो चासो तथा कौतुहलसँगै जैविक विविधतासम्बन्धी जिज्ञासा मेट्ने प्रयास पनि अत्यन्तै चुनौतीपूर्ण छ । यससम्बन्धी चासो र बहसको दायरा यस अवधारणाले इङ्गित गर्ने जैविक स्रोतहरूमा मात्र सीमित छैन । यससम्बन्धी अनेकानेक प्रश्न हाम्रा सामु छन् : के हो त जैविक विविधता ? जैविक विविधता संरक्षण तथा व्यवस्थापन किन गरिन्छ र यसबाट कसले के पाउँछ ? यसमा सरकार, स्थानीय जनता तथा निजी क्षेत्रका के/कस्ता स्वार्थ छन् ? जैविक स्रोतमाथि कसको हक लाग्छ ? र, यिनको संरक्षण गर्ने दायित्व कसको हो ? जैविक विविधता संरक्षण गर्ने भनेको चितवनमा गैँडा जोगाएजस्तै काम हो कि यसभन्दा भिन्न छ ? जैविक विविधता जोगाउने तथा व्यवस्थापन गर्ने विधि पद्धति के/कस्ता छन् ? जैविक विविधताका विषयमा विकसित तथा विकासशील देशका स्वार्थ एउटै छ कि भिन्न छन् ? राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहमा जैविक विविधताबारे नीतिगत तथा कानुनी व्यवस्था कस्तो छ ? नेपालमा जैविक विविधताको वर्तमान स्थिति कस्तो छ ? जैविक विविधता संरक्षण तथा व्यवस्थापनका वर्तमान पद्धति ठीक छन् कि छैनन् ? यस सम्बन्धमा सरकारी तथा गैरसरकारी क्षेत्रबाट के/कस्ता प्रयास गरिएको छ ? थाती रहेका समस्या के के छन् ? जैविक विविधतासम्बन्धी नयाँ चुनौती कस्ता छन् ? यिनै जिज्ञासाको सेरोफेरोमा यो पुस्तक तयार गर्ने जमर्को गरिएको हो ।

यी माथिका प्रश्न स्वयंमा पनि अति व्यापक छन् र यस आकारको पुस्तकमा सबै पक्ष समेट्न सकिँदैन । असीमित किसिमले विषयवस्तु तन्काएर लैजानुले पाठकवर्गमा पनि न्याय हुने छैन । यसकारण यस पुस्तकमा यी माथिका प्रश्नलाई परस्परमा अन्तर-सम्बन्धित गराएर तिनलाई नेपालको सामाजिक, आर्थिक, व्यावहारिक तथा संस्थागत सन्दर्भमा कसरी व्याख्या र विश्लेषण गर्न सकिन्छ भन्नेमा विशेष ध्यान दिइएको छ । यसमा खासगरी जैविक विविधताका सामाजिक, आर्थिक, सांस्कृतिक, कानुनी, शासकीयलगायतका पक्ष ग्रामीण जनताको जीविकासित कसरी जोडिएर आउँछन् भन्नेमा जोड दिइएको छ । जैविक स्रोतमाथि मानवजातिको निर्भरता अत्यन्तै व्यापक र बहुआयामिक छ र यो निर्भरताको प्रकृति पनि समयअनुसार परिवर्तनशील छ । त्यसैगरी मानिसले जैविक विविधता संरक्षण तथा व्यवस्थापनमा अपनाएका विधि तथा पद्धतिमा पनि परिवर्तन भइरहेको छ । नयाँनयाँ पद्धति विकसित हुँदै आएका छन् । यी दुईखाले परिवर्तनबाट खासगरी ग्रामीण जनताको जीविकोपार्जनमा के/कस्ता प्रभाव पर्न जान्छ, विश्वव्यापी रूपमा भएका नवीनतम् कानुनी तथा संस्थागत फेरबदलले नेपालजस्ता अल्पविकसित देश तथा यहाँका ग्रामीण, रैथाने र आदिवासी जनजातिमा के/कस्ता

प्रभाव पर्न सक्छन् भन्नेजस्ता कुरा पुस्तकमा विभिन्न प्रसङ्गमा चर्चा गरिएको छ। यसरी जैविक विविधताका मानवीय पाटोका विषयवस्तु तथा यसको जनजीविकासितको अन्तरसम्बन्ध यस पुस्तकको केन्द्रीय विषय हो।

यस पुस्तकमा पाँच खण्डमा १९ लेख समाविष्ट छन्। पहिलोमा जैविक विविधतासम्बन्धी अर्थ प्रस्टयाउने, यस सम्बन्धमा विश्वमा तथा नेपालमा भएका बहसबारे चर्चा तथा विश्लेषण गर्दै नेपालको जैविक विविधताका स्रोतबारे केही तथ्य-तथ्याङ्कसहित संक्षिप्त सर्वेक्षण गर्न खोजिएको छ। यसमा जैविक विविधताको महत्त्व, जैविक विविधता नष्ट भएर मानव समाजले व्यहोर्नुपर्ने कठिनाइ तथा केही दशकदेखि जैविक स्रोतउपर विश्वव्यापी स्तरमा किन अभिरुचि बढ्दै गएको छ भन्नेबारे पनि संक्षिप्त वर्णन गरिएको छ। यस खण्डमा समाविष्ट लेखबाट यस पुस्तकका बाँकी लेखलाई पनि पृष्ठपोषण हुने अपेक्षा राखिएको छ।

पुस्तकको दोस्रो खण्डमा जैविक विविधताका सामाजिक आयाम समेटिएका छन्। यस खण्डमा समाविष्ट पाँच लेखमा जैविक विविधतासम्बन्धी समकालीन बहसमा सामाजिक तथा मानवीय पाटो किन सान्दर्भिक छ र यिनमा के/कस्ता सामाजिक पक्ष उजागर भएका छन् भन्नेमा विस्तृत चर्चा छ। यस खण्डको पहिलो लेख अर्थात् पुस्तकको दोस्रो अध्यायमा जैविक विविधताको संरक्षण तथा व्यवस्थापनबाट स्थानीय जनसमुदायले पाउने लाभसम्बन्धी सवाल र बहसबारे विस्तृत छलफल गरिएको छ। नेपालले हालै स्वतन्त्र मुलुकका आदिवासी तथा जनजाति समुदायसम्बन्धी महासन्धि (आइएलओ १६९) अनुमोदन गरेको परिप्रेक्ष्यमा ती समुदायसम्बन्धी परिभाषा र ती समुदायको जैविक स्रोतउपरको पहुँचमा पर्न जाने प्रभावबारे राजनीतिक पर्यावरण (political ecology) को सैद्धान्तिक खाकाअनुसार वर्णन गरिएको छ। तेस्रो अध्यायमा जैविक विविधताको यथास्थानीय संरक्षण (in-situ conservation) पद्धतिबारे विस्तृत चर्चा छ। यस लेखमा यथास्थानीय संरक्षण पद्धतिअन्तर्गत संरक्षित क्षेत्रहरू स्थापना गर्ने प्रक्रिया कसरी विकसित हुँदै आयो र आधुनिक संरक्षण विज्ञान तथा राज्यव्यवस्थाको सन्दर्भमा प्रकृति तथा मानव संस्कृतिबीच कसरी ध्रुवीकरण गराइयो भन्नेबारे सैद्धान्तिक पक्ष पनि समावेश छ। नेपालमा संरक्षित क्षेत्रहरू स्थापना, यससम्बन्धी नीति, कानुन तथा विगतमा सञ्चालित कार्यक्रमबारे पनि उक्त अध्यायमा पुनरावलोकन गरिएको छ। चौथो अध्यायमा जैविक विविधता संरक्षण किन महत्त्वपूर्ण छ भन्ने तर्क प्रस्तुत गरिएको छ। यसमा केही दशकयता जैविक विविधतामा विश्वस्तरमा चासो बढ्नुका कारण तथा नेपालको ग्रामीणस्तरको जीवन निर्वाहमा जैविक स्रोतबाट के/कस्तो योगदान पुग्न सक्छ भन्ने विषयमा चर्चा छ। यस किताबको

पाँचौ अध्यायमा विमला राई पौड्यालले जैविक विविधता तथा ग्रामीण जीविकोपार्जनको अन्तरसम्बन्धका विषयमा सामाजिक विश्लेषण प्रस्तुत गरेकी छन् । उनले ग्रामीण जनता र विशेषगरी आदिवासी जनजाति समुदायका मानिस जैविक स्रोतको उपयोगका क्रममा ठगिन गएको अवस्था र जैविक स्रोतको उपयोगलाई न्यायपूर्ण बनाउने क्रममा आइपर्ने चुनौती तथा ध्यान दिनुपर्ने मुख्य पक्षबारे वर्णन गरेकी छन् । दोस्रो खण्डको छैठौँ अध्यायमा सोमत घिमिरेले जैविक विविधता संरक्षण तथा व्यवस्थापनका क्रममा नेपालमा अवलम्बन गरिएका विधि पद्धतिमा व्याप्त अन्तरविरोध उजागर गरेका छन् । नेपालमा जैविक विविधता संरक्षणको महत्त्वपूर्ण पक्षका रूपमा संरक्षित क्षेत्रहरू भएको र यी क्षेत्रको व्यवस्थापनमा केन्द्रिकृत राज्यको अत्यधिक नियन्त्रण रहेको हुनाले स्थानीय समुदाय तथा आदिवासी जनजातिको परम्परागत पेशा तथा संस्कृतिमा नकारात्मक प्रभाव परेको वर्णन यस लेखमा छ । घिमिरेले संरक्षित क्षेत्रको व्यवस्थापनलाई लोकतान्त्रीकरण गर्न र जैविक स्रोत व्यवस्थापनबाट ग्रामीण जनताले यथोचित लाभ प्राप्त गर्न भएका सामाजिक आन्दोलनले पहिचान गरेका विकल्प पनि पेश गरेका छन् । यसरी यस खण्डमा सामाजिक न्यायको सिद्धान्तबाट जैविक विविधताको संरक्षण गर्नुपर्ने तर्क गरिएको छ, जसअनुसार नीति नियम र कार्यनीति निर्देशित हुनुपर्ने हुन्छ ।

पुस्तकको तेस्रो खण्डमा जैविक विविधताको संरक्षण, व्यवस्थापन, उपयोग तथा लाभको बाँडफाँटसँग सम्बन्धित कानुनी, संस्थागत तथा शासकीय पक्ष समेटिएका छन् । जैविक विविधताको विषय केवल जीवविज्ञान वा संरक्षण विज्ञानको विषय मात्र होइन, यसका सामाजिक तथा मानवीय आयाम पनि छन् । विश्वस्तरमै जैविक विविधतामा व्यापारिकलगायतका अनेकानेक स्वार्थ केन्द्रित भैरहेको सन्दर्भमा विश्वस्तरका संस्थाहरूको प्रायोजनमा अन्तर्राष्ट्रिय स्तरमै यसबारे कानुनी सञ्जाल निर्माण भइरहेको छ । ती अन्तर्राष्ट्रिय कानुनको पक्ष बन्ने तथा नबने पनि तिनबाट एक वा अर्को किसिमले प्रभावित रहने भएकाले नेपालले पनि त्यसैअनुसार राष्ट्रिय स्तरमा नीति तथा कानुन बनाइरहेको वा पुराना कानुन परिमार्जन गरिरहेको छ । यसै परिप्रेक्ष्यमा पुस्तकको सातौँ अध्यायमा दिलराज खनालले नेपालका जैविक विविधतासम्बन्धी कानुनको बृहत् सर्वेक्षण प्रस्तुत गरेका छन् । यस अध्यायमा हालसम्म नेपालमा जैविक विविधताको संरक्षण तथा सदुपयोगका लागि विशेष एवं एकीकृत कानुनको व्यवस्था नभए पनि नेपालको इतिहासमा किराँतकालदेखि नै विभिन्न परम्परागत तथा धार्मिक मान्यताअनुसार संरक्षणसम्बन्धी कानुनी व्यवस्था राज्यका तर्फबाट गरिएको

उल्लेख छ । खनालले नेपालमा हाल प्रभावकारी रहेका वा विकसित हुने क्रममा रहेका वातावरण संरक्षण, संरक्षित क्षेत्र, वन तथा चरन क्षेत्र, कृषि जैविक विविधता संरक्षण, सीमसार क्षेत्र तथा जलस्रोत व्यवस्थापन, हिमाली जैविक विविधता संरक्षण, जैविक सुरक्षा, ओजोन तह संरक्षण, जलवायु परिवर्तनलगायतका विषयमा भएका कानुनी व्यवस्थाबारे संक्षिप्त चर्चा गरेका छन् । उनले नेपाल सरकारले तयार गर्दै गरेको आनुवंशिक स्रोतसम्बन्धी विधेयकबारे पनि विस्तृत विवेचना प्रस्तुत गरेका छन् । यस अध्यायमा नेपालका विद्यमान जैविक विविधताका कानुन र नेपाल पक्ष भएका महासन्धिलगायतका कानुनी संरचनाबाट नेपाली समाजमा सिर्जना हुने चुनौती तथा अवसरबारे पनि चर्चा गरिएको छ । आठौँ अध्यायमा नारायण बेल्बासे र दिलराज खनालले जैविक विविधतासम्बन्धी अन्तर्राष्ट्रिय कानुन र विशेषगरी जैविक विविधता महासन्धिका महत्त्वपूर्ण पक्षबारे मिहिन विश्लेषण प्रस्तुत गरेका छन् । यस अध्यायमा जैविक विविधताको बौद्धिक सम्पत्ति अधिकार, आदिवासी अधिकार, किसान अधिकार तथा अन्तर्राष्ट्रिय व्यापारजस्ता क्षेत्रसँगका अन्तरसम्बन्धबारे पनि चर्चा गरिएको छ । यस पुस्तकको नवौँ अध्यायमा सविता थापा र ताराप्रसाद ज्ञवालीले जैविक विविधता संरक्षण र सुशासनबारे विश्लेषण प्रस्तुत गरेका छन् । यसमा जैविक विविधता संरक्षणका पद्धतिको संक्षिप्त पुनरावलोकन गरी संरक्षण र सुशासनको सम्बन्ध देखाउन खोजिएको छ । विश्व वन्यजन्तु कोषले सञ्चालन गरेको पवित्र हिमालय भूपरिधि कार्यक्रमबारे पनि उक्त अध्यायमा संक्षिप्त प्रस्तुति छ ।

यस पुस्तकको चौथो खण्डमा समाविष्ट अध्यायमा जैविक विविधताको संरक्षण तथा उपयोगका विधि, पद्धतिबारे नेपालमा हासिल भएका अनुभवका आधारमा चर्चा गरिएको छ । यो खण्डका लेखहरू व्यावहारिक अनुभवमा आधारित भएकाले अलि प्राविधिक छन् । यसका आठ लेखमा कृषि जैविक विविधता, सामुदायिक वन, वन्यजन्तु संरक्षण, पर्यटन विकास, विश्व वातावरण कोषका गतिविधि, गैरकाष्ठ वन पैदावार व्यवस्थापन, वन प्रमाणीकरण तथा जैविक विविधता अनुगमनजस्ता विषय समेटिएका छन् । सुधा खड्का तथा अरूहरूले यस पुस्तकको दशौँ अध्यायमा कृषि जैविक विविधता संरक्षण र विशेषगरी अर्घेलिएका पिँडालु, फापर तथा कोदोजस्ता खाद्यबालीको संरक्षणमा बजार प्रणाली कसरी सहायक सिद्ध हुन सक्छ भन्ने अनुभव प्रस्तुत गरेका छन् । मणिराम बन्जाडेले एघारौँ अध्यायमा नेपालको सफल मानिएको सामुदायिक वन प्रक्रियाबाट जैविक विविधता संरक्षण तथा व्यवस्थापनमा पुगेको योगदानबारे चर्चा गरेका छन् । बाह्रौँ अध्यायमा हेमसागर बरालले नेपालको वन्यजन्तु

संरक्षणको सामान्य स्थिति चर्चा गरी सुधारका पक्ष औंल्याएका छन्। तेह्रौं अध्यायमा रामचन्द्र सेढाईले संरक्षित क्षेत्रको पर्यटन विकास जैविक विविधता संरक्षणसित अन्तर्निर्भर भएको तर्क गर्दै यी दुईबीच कसरी सामञ्जस्य ल्याई संरक्षण तथा जीवननिर्वाह वा गरिबी निवारणजस्ता उद्देश्य हासिल हुनसक्छ भन्ने चर्चा गरेका छन्। पुस्तकको चौधौं अध्यायमा विश्व वातावरण कोषअन्तर्गत नेपालमा सञ्चालित साना अनुदान कार्यक्रमको आर्थिक सहयोगमा विभिन्न संस्थाले सञ्चालन गरेका कार्यक्रमका विशिष्ट अनुभव विवेकधर शर्माले प्रस्तुत गरेका छन्। त्यसैगरी पन्ध्रौं अध्यायमा नेपालका जैविक स्रोतमध्ये महत्त्वपूर्ण मानिने जडिबुटी तथा गैरकाष्ठ वन पैदावरको व्यवस्थापन तथा बजारीकरणका वर्तमान अनुभव तथा चुनौती प्रस्तुत छन्। पुस्तकको सोह्रौं अध्यायमा रामप्रसाद आचार्य र हरिप्रसाद ढुङ्गानाले वन प्रमाणीकरण (forest certification) प्रक्रिया जैविक स्रोतहरूको उन्नत व्यवस्थापन तथा बजारीकरणका लागि एक औजार हुन सक्ने तर्क पेश गर्दै प्रमाणीकरणमा नेपालमा हासिल भएका अनुभव तथा सिकाएका पाठ प्रस्तुत गरेका छन्। चौथो खण्डको अन्तिम लेख अर्थात् पुस्तकको सत्रौं अध्यायमा गणेशराज आचार्य र हरिप्रसाद ढुङ्गानाले संरक्षित क्षेत्रको योजना तर्जुमाका सन्दर्भमा जैविक विविधता अनुगमन किन सान्दर्भिक छ र नेपालमा यससम्बन्धी कस्तो विधिगत सिकाइ हासिल भएको छ भन्नेबारे विस्तृत चर्चा गरेका छन्। यसरी यस खण्डमा सम्मिलित लेखहरूबाट नेपालमा जैविक विविधताको संरक्षण, व्यवस्थापन तथा उपयोगका क्षेत्रमा हासिल केही महत्त्वपूर्ण सिकाइ प्रस्तुत गरिएको छ।

यस पुस्तकको अन्तिम भाग, पाँचौं खण्डमा जैविक विविधता सम्बन्धमा देखा परेका दुइटा नयाँ चुनौतीबारे चर्चा छ। अध्याय १८ मा यमुना घलेले विश्व व्यापार सङ्गठनको प्रभाव व्यापक हुँदै गएको सन्दर्भमा नेपालजस्ता अल्पविकसित देशमा रहेका जैविक स्रोत सम्बद्ध महत्त्वपूर्ण मौलिक ज्ञान तथा सीप धरापमा पर्न जाने उल्लेख गरेकी छन्। हुन त विश्व पूँजीवादको विकास र विस्तारबाट अल्पविकसित देशलाई पर्न जाने प्रभावबारे बहस र विवाद त्यति नयाँ विषय होइन। तर विश्व बजारलाई प्रभावित गर्न स्थापित विश्व व्यापार सङ्गठनबाट पारित कानुनी संरचना र विशेषगरी जीवनका प्रकारमा गरिने पेटेन्टसम्बन्धी प्रावधानबाट अल्पविकसित तथा परम्परागत ज्ञान सीपयुक्त क्षेत्रका जनताको हकाधिकार खोसिने चासो तेस्रो विश्वभर टाउको दुखाइ बनेको छ। यस विषयमा घलेले विविध अवधारणागत तथा अनुभवजन्य सवाल तथा जटिलता उजागर गरेकी छन्। त्यसैगरी उन्नाइसौं अध्यायमा डमिन्द्र दाहालले हाल निकै

चर्चामा रहेको जलवायु परिवर्तनबाट जैविक विविधता संरक्षणमा पर्न जाने प्रभावबारे चर्चा गरेका छन्। उनले जलवायु परिवर्तनका अवधारणागत पक्ष केलाएका छन् र हिमालय क्षेत्रमा यसबाट परेको प्रभावबारे उल्लेख गर्दै यसका उदाहरणसमेत पेश गरेका छन्। जलवायु परिवर्तनबाट जैविक विविधतामा परेको प्रभावबारे वस्तुनिष्ठ किसिमले आकलन गर्न कठिन भए पनि यसका नकारात्मक प्रभावमा कमी ल्याउन थालिहाल्नुपर्ने काम दाहालले सुझाएका छन्।

समग्रमा यस पुस्तकले जैविक विविधतासम्बन्धी अन्तर्राष्ट्रिय, राष्ट्रिय तथा स्थानीय स्तरका संवादलाई प्रस्टचाउने जमर्को गरेको छ। अहिले विश्वव्यापीकरण र एक विश्वग्रामको विकास भइरहेको सन्दर्भमा जैविक विविधताबारे उठेका सवाललाई कुनै निश्चित भौगोलिक क्षेत्रभित्र मात्र सीमित रहेर विश्लेषण गर्न सकिँदैन। यस पुस्तकमा भएका लेखले यो तथ्य प्रस्ट पारेका छन्। यस नयाँ सन्दर्भबाट नेपाललाई फाइदा तथा चुनौती दुवै छन्। व्यावहारिक हिसाबले हेर्ने हो भने विश्वव्यापीकरणको सन्दर्भमा जैविक विविधता धेरै भएको कुनै समुदायको वा देशको स्थानीय फाइदा कसरी बढाउने र त्यो फाइदालाई कसरी सुनिश्चित गर्ने भन्ने विवाद नै नीति निर्माणको केन्द्रबिन्दु बनेको छ। पुस्तकमा सम्मिलित लेखहरूले पनि यस्तो फाइदा जैविक विविधताका संरक्षणकर्तालाई कसरी बढाउन सकिन्छ भन्नेबारे सैद्धान्तिक तथा व्यावहारिक पक्षको विश्लेषण गरेका छन्। यस सन्दर्भमा यी लेख औचित्यपूर्ण र सान्दर्भिक देखिन्छन्।